धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३६ ◆ २०८३ भदौ ५ गते शुक्रबार, Friday, August 21, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## डेपुटी गर्भनर रावलद्वारा पद तथा गोपनीयताको शपथ ग्रहण

काठमाडौँ । नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर दीर्घबहादुर रावलले बिहीबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

बिहीबार राष्ट्र बैंकमा आयोजित एक कार्यक्रमका बीचमा राष्ट्र बैंकका गर्भनर प्रा डा विश्वनाथ पौडेलसमक्ष उहाँले पद तथा गोपनियताको शपथ लिनुभएको हो ।

मन्त्रिपरिषद्को भदौ ३ गतेको निर्णयअनुसार रावल डेपुटी गभर्नरमा नियुक्त हुनुभएको थियो । उहाँले बिहीबारै पदभार समेत ग्रहण गर्नुभएको छ । गभर्नर पौडेलले डेपुटी गभर्नर रावललाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो ।

डेपुटी गभर्नर रावल विसं २०६२ माघ २ गते सहायक निर्देशकका रूपमा बैंक सेवामा प्रवेश गर्नुभएको थियो । उहाँ विसं २०६९ मा उप-निर्देशक, विसं २०७५ मा निर्देशक हुँदै विसं २०८२ जेठ १९ गते कार्यकारी निर्देशकमा पदोन्नति हुनुभएको थियो ।

पदोन्नतिपश्चात् उहाँले बैंक सुपरिवेक्षण विभागको नेतृत्व सम्हाल्दै आउनुभएको राष्ट्र बैंकले जनाएको छ ।

## इन्द्रायणी द्योछें पुनर्निर्माण

ख्वप (भक्तपुर) । भक्तपुरको खौमा रहेको इन्द्रायणी द्योछें (देवता घर) पुनर्निर्माण सम्पन्न भएको छ । भक्तपुर नगरपालिका-२ मा रहेको ऐतिहासिक देवता घरको बिहीबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले एक समारोहबीच उद्घाटन गर्नुभयो ।

उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायका अनुसार कुल रु तीन करोड ७६ लाखमा देवता घरको पुनर्निर्माण सम्पन्न भएको हो । भक्तपुर नगरपालिका बाट रु दुई करोड ७६ लाख र चन्दादाताबाट रु ६३ लाख ९४ हजार सङ्कलन गरिएको उहाँले बताउनुभयो ।

त्यस्तै, करिब रु १७ लाख बराबरको भौतिक सहयोग तथा हजारौँ स्थानीयको श्रमदानबाट पुनर्निर्माण कार्य सम्पन्न गर्न योगदान पुगेको अध्यक्ष रायले उल्लेख गर्नुभयो । मन्दिरको नियमित मर्मत सम्भारका लागि रु २० लाखको छुट्टै अक्षयकोष स्थापना गरिएको थियो । प्रत्येक वर्ष कम्तीमा एक पटक मन्दिरको मर्मतसम्भार गर्ने उद्देश्यले उक्त कोष स्थापना गरिएको र कोषमा थप सहयोग जुटाउने क्रम जारी रहेको उपभोक्ता समितिका सचिव कृष्णश्वरी हाडाले बताउनुभयो ।

मन्दिरको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेंले जनप्रतिनिधिहरुले इमान्दारिता का साथ काम गर्नुपर्ने बताउनुभयो । उहाँले जनताको रकम एक पैसा पनि हिनामिना हुन दिन नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, बागमती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको संस्कृति महाशाखा प्रमुख सौभाग्य प्रधानाङ्ग, भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्कालगायतले ऐतिहासिक मन्दिरको महत्वबारे चर्चा गर्नुभयो ।

## मुख्यमन्त्री थापाद्वारा पद तथा गोपनीयताको शपथ ग्रहण

हेटौँडा । बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापा मगरले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ ।

हेटौँडास्थित प्रदेश प्रमुखको कार्यालयमा बिहीबार आयोजित समारोहमा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले मुख्यमन्त्री थापालाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

उहाँ नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्त हुनुभएको हो । नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी



(नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थनमा मुख्यमन्त्री बन्नुभएका थापालाई ६३ प्रदेशसभा सदस्यको समर्थन रहेको छ । उहाँलाई एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ प्रदेशसभा सदस्यले समर्थन गर्नुभएको हो ।

## अख्तियारको कामकारवाहीमा हस्तक्षेप हुँदैन

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि कुनै किसिमको राजनीतिक हस्तक्षेप नहुने स्पष्ट पार्नुभएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कार-बाहीका सम्बन्धमा पदाधिकारी सँगको छलफल'मा उहाँले बिना पूर्वाग्रह काम गरेर इतिहास रच्न आयोगका पदाधिकारीलाई सुझाव दिनुभयो । सभापति लामिछानेले भ्रष्टाचारसम्बन्धी अनुसन्धान र अभियोजनलाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन आग्रह गर्नुभयो । "कुनै पनि राष्ट्रसेवक र जनप्रतिनिधिलाई अदालतको ढोकामा टेकाउने बित्तिकै उसको पद निलम्बन हुन्छ, मुख्यसचिवसम्मको पद निलम्बन भएको छ, उहाँ सफाइ पाएर निस्कनुभएको छ ।

# फोहोर व्यवस्थापन समस्या समाधान गर्न छलफल

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । नुवाकोट क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित डा विक्रम तिमिल्सिनाले बञ्चरेडाँडा फोहोर व्यवस्थापन मा देखिएका समस्या, स्थानीय वासीका गुनासा तथा फोहोर व्यवस्थापनका लागि भइरहेका कामबारे काठमाडौँ महानगर पालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलसँग छलफल गर्नुभएको छ ।

मन्त्रालयमा बिहीबार भएको छलफलमा सूचना तथा सञ्चारमन्त्रीसमेत रहरनुभएका डा तिमिल्सिनाले बञ्चरेडाँडा ल्याण्डफिल साइटसम्म पुग्ने सडक स्तरोन्नति तथा कालोपत्र गर्न सङ्घीय सरकार र काठमाडौँ महानगरपालिकाले आवश्यक बजेट छुट्याएर काम अघि बढाउनुपर्ने बताउनुभयो ।

बञ्चरेडाँडा क्षेत्रका स्थानीयवासीले ल्याण्डफिल साइटसम्म पुग्ने सडक जीर्ण भएको, फोहरबाट दुर्गन्ध फैलिएको, फोहर बोकेका सवारीसाधन नछोपी सञ्चालन हुने, बाटोमै फोहर खसालिने तथा फोहर विसर्जनपछि सवारीसाधन नधोई उपत्यका फर्काउनेलगायत समस्याबारे गुनासो गर्दै आएका छन् । त्यस्तै, फोहर विसर्जनपछि पर्याप्त मात्रामा माटोले छोप्ने (क्यापिङ) काममा समेत लापरबाही भइरहेको स्थानीयको गुनासो छ ।

आफू निर्वाचित क्षेत्रबाट धेरै जनगुनासो आएपछि सञ्चारमन्त्री डा तिमिल्सिनाले महानगर प्रमुखसँग छलफल गर्नुभएको हो । "कतिपय क्षेत्रमा सडक कालोपत्र नहुँदा स्थानीयले सास्ती पाएको गुनासो धेरै आएका छन् । फोहर व्यवस्थापन स्थलसम्म पुग्ने बाटो वरपरका स्थानीय वास्तवमै पीडित छन् । त्यहाँ दुर्गन्ध फैलिएको छ र विभिन्न रोगको सङ्क्रमण बढेको गुनासो पनि आएको छ", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्रीले बञ्चरेडाँडाका समस्या समाधानका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेकामा जोड दिनुभयो । फोहर विसर्जनपछि समयमा माटोले नछोप्दा दुर्गन्ध फैलिने भएकाले क्यापिङको कामलाई प्रभावकारी बनाउनुपर्ने उहाँको भनाइ छ । कामपाकी कार्यवाहक प्रमुख डङ्गोलले बञ्चरेडाँडामा काठमाडौँ महानगरसहित उपत्यकाका अन्य स्थानीय तहबाट समेत फोहर जाने बताउँदै फोहर व्यवस्थापनको आर्थिक दायित्व भने काठमाडौँ महानगर पालिकाले मात्र व्यहोर्दै आएको जानकारी दिनुभयो ।

"फोहर व्यवस्थापनका लागि लाग्ने खर्च सम्बन्धित सबै पालिकाले व्यहोर्ने प्रतिबद्धता जनाएका थिए । तर, अहिलेसम्म को अधिकांश खर्च काठमाडौँ महानगरले मात्रै व्यहोर्दै आएको छ । अन्य पालिकाले पनि आर्थिक योगदान गर्ने हो भने स्थानीयका समस्या समाधान गर्न थप सहज हुन्छ", उहाँले भन्नुभयो ।

डङ्गोलले फोहर सङ्कलनस्थल तथा कुहिने र नकुहिने फोहर छुट्याउने केन्द्रका लागि आवश्यक जग्गा प्राप्त गर्न नसकिएको बताउनुभयो । महानगरले विकेन्द्रित फोहरमैला व्यवस्थापनको अवधारणाअनुसार महानगरलाई सातवटा फोहर समूहमा विभाजन गरी सुक्खा फोहर पुनःप्रयोग तथा रिसाइकल गर्ने योजना अघि सारेको जनाउँदै आवश्यक जग्गा प्राप्ति तथा अन्य प्रक्रिया पूरा हुन नसक्दा (बाँकी पृष्ठ ३ मा)

## पर्वतारोहण संघलाई राजदूत सम्मान प्रदान

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाल पर्वतारोहण सङ्घलाई 'राजदूत सम्मान' प्रदान गरिएको छ । नेपालस्थित जापानी राजदूतावासले 'मनास्लु प्लेटिनम जुब्ली' कार्यक्रम सफल बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सङ्घलाई 'राजदूत सम्मान' प्रदान गरेको हो ।

नेपालस्थित जापानी राजदूत माइदा तोरुले मनास्लु हिमालको पहिलो सफल आरोहणको ७० वर्ष पूरा भएको अवसरमा नेपाल पर्वतारोहण सङ्घले 'मनास्लु प्लेटिनम जुब्ली' सफलतापूर्वक सम्पन्न गरेको भन्दै बिहीबार सम्मान गरेको हो ।

राजदू त तोरुले नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुरगेल्जे शेर्पालाई उक्त सम्मानपत्र प्रदान गर्नुभएको हो । सम्मान ग्रहणपछि अध्यक्ष शेर्पाले जापानी




दूतावासबाट प्राप्त यो सम्मान नेपाल पर्वतारोहण सङ्घका लागि ठूलो उपलब्धि भएको बताउनुभयो ।

उहाँले मनास्लु हिमालको आरोहण इतिहास र नेपाल-जापानबीचको पर्वतीय सम्बन्धलाई थप सुदृढ बनाउन सङ्घले निरन्तर भूमिका निर्वाह गर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा राजदूत तोरुले 'मनास्लु प्लेटिनम जुब्ली' कार्यक्रम सफल बनाउन नेपाल पर्वतारोहण सङ्घले खेलेको महत्वपूर्ण भूमिकाको कदरस्वरूप सम्मान गरिएको बताउनुभयो ।

कार्यक्रममा नेपाल पर्वतारोहण सङ्घका पदाधिकारी, सदस्य तथा नेपालस्थित जापानी राजदूतावासको प्रतिनिधिको सहभागिता रहेको थियो ।

## परराष्ट्रमन्त्री खनालसँग साउदी राजदूत मोनैखिरको भेट

काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनालसँग नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए. मोनैखिरले शिष्टाचार भेट गर्नुभएको छ ।

मन्त्रालयमा बिहीबार भएको उक्त भेटमा उहाँहरुबीच नेपाल-साउदी अरब बीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, नेपाली श्रमिकको सुरक्षा तथा कल्याण र आपसी हितका विभिन्न विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

भेटका क्रममा दुवै पक्षले नेपाल र साउदी अरबबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठको महत्वलाई स्मरण गर्दै दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन उच्चस्तरीय भ्रमण तथा आदानप्रदानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् । परराष्ट्रमन्त्री खनालले दुई देशबाट हुने उच्चस्तरीय भ्रमणले द्विपक्षीय सम्बन्धलाई थप गति दिनाका साथै आपसी हितका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्न योगदान पुऱ्याउने बताउनुभएको थियो । "नेपाल र साउदी अरब बीचको कूटनीतिक सम्बन्धको ५०औं वर्षगाँठ महत्वपूर्ण अवसर हो । आगामी दिनमा दुवै देशबीच उच्चस्तरीय भ्रमण र संवादलाई निरन्तरता दिँदै आपसी हितका क्षेत्रमा सहकार्य थप विस्तार गर्नुपर्छ," उहाँले भन्नुभयो ।

भेटमा मन्त्री खनालले हाले क्षेत्रीय द्वन्द्वका क्रममा साउदी अरबले आफ्ना नागरिक तथा साउदी अरबमा रहेका नेपाली श्रमिकको सुरक्षा र संरक्षणका लागि अपनाएका सुरक्षा तथा सुरक्षात्मक उपायप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी, साउदी अरबमा कार्यरत केही नेपाली श्रमिकले आफूले गरेको कामको उचित पारिश्रमिक प्राप्त नगरेको भन्ने 'रिपोर्ट'प्रति मन्त्री खनालले चासो व्यक्त गर्दै त्यस्ता विषयमा आवश्यक ध्यान दिन साउदी पक्षलाई आग्रह गर्नुभएको थियो । उहाँले साउदी अरबमा मृत्यु भएका नेपाली नागरिकको शव नेपाल फिर्ता ल्याउने कार्यमा साउदी अधिकारीहरूले पुऱ्याउँदै आएको सहयोगको पनि प्रशंसा गर्नुभएको थियो । भेटमा दुवै पक्षले नेपाल-साउदी अरबबीच विद्यमान सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्दै पारस्परिक हितका क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप सुदृढ गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् । राजनीतिक परामर्श, लगानी, पर्यटन, हवाई सम्पर्क, श्रम गतिशीलता तथा साउदी अरबमा रहेका नेपाली श्रमिकको कल्याणलगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा पनि छलफल भएको थियो । "नेपाल साउदी अरबसँग राजनीतिक तथा कूटनीतिक सम्बन्धसँगै लगानी, पर्यटन, हवाई सम्पर्क, श्रम र अन्य आर्थिक क्षेत्रमा सहकार्य विस्तार गर्न इच्छुक छ । दुई देशबीचको विद्यमान मैत्रीपूर्ण सम्बन्धलाई अब थप परिणाममुखी साझेदारीमा रूपान्तरण गर्न आवश्यक छ," मन्त्री खनालले भन्नुभयो ।

सम्पादकीय ....

## सन्दर्भ धार्मिक अभिव्यक्तिको

वर्तमान प्रधानमन्त्रीको शपथग्रहण समारोहमा दर्जनौं ब्राह्मण पुजारीहरूका साथ रुद्रीपाठ, हवन र अभिषेकजस्ता सनातन कर्मकाण्डहरू रचियो । यो राजनीतिमा एउटा नयाँ नवप्रवर्तन थियो ।

राजनीतिक तथा सरकारी नेताहरूको 'धार्मिक कर्मकाण्ड' ले नुहाएका निधार, अनुहार, शिर र शरीरहरू छरपस्ट हुन थालेका छन् । धेरै राजनीतिक दलका शीर्ष नेताहरूबीच निधारमा टीका र शिरमा फूलप्रसाद लगाउनु अहिले सामान्य नियम बन्दै गएको छ, चाहे त्यो सानो थोप्लो टीका होस् वा ठाडो रूपमा लगाइने र प्रस्ट देखिने ठाडो टीका होस् । अनि कुम्भस्नानका क्रममा र गेरुवा वस्त्रमा मुस्कानका साथ देखिएका राजनीतिक नेताहरूका तस्विरहरू छ्यापछ्याप्ती बनेका छन् । राजनीतिज्ञहरू अहिले बाबाजीको रूप धारण गर्दैछन् । यसरी उनीहरूले यो लौकिक, लोकतान्त्रिक, राजनीतिक र सार्वजनिक एवं नागरिक प्रक्रियालाई अशुद्ध बनाइरहेका छन् ।

नेपालका शीर्ष राजनीतिक नेताहरूले भारतका तीर्थस्थल, मन्दिर र मठहरूको गर्ने सार्वजनिक भ्रमणले नेपालको धर्मनिरपेक्षताका साथै बहुधार्मिक र बहुजातीय प्रकृति दुवैको अवहेलनालाई पुनः उजागर गर्छ । त्यसैगरी, नेपाल र भारतका धार्मिक स्थलहरूको जोडा मिलाउने सम्बन्धमा दिइएका अभिव्यक्तिहरूले (जस्तैः जनकपुर र अयोध्याको जोडा मिलाउने कार्य मात्र होइन, जुन राजनीति र आस्थाले भरिपूर्ण छन्) धर्मको प्रभावलाई बढाउने काम गर्छन् र नेपाल तथा भारतलाई धेरै हदसम्म 'उस्तै-उस्तै' र 'झन्डै उही' का रूपमा प्रस्तुत गर्छन् ।

धर्मका सम्बन्धमा दिइने अभिव्यक्ति र व्यवहारहरूले भारतमा हाल सत्तामा रहेको भारतीय जनता पार्टी र नरेन्द्र मोदीसँग नेपालको सम्बन्ध सुधार गर्न मद्दत पुऱ्याउन सक्ला; तर नेपाली नेताहरूले नेपालभित्रको अन्तरधार्मिक सद्भावमा यस्ता अभिव्यक्तिहरूले पार्ने मूल्य वा क्षतिको पनि लेखाजोखा गर्नुपर्ने हो । वास्तवमा, नेपाल र भारतबीचको 'धार्मिक समानता' लाई अत्यधिक बढावा दिने काम सन् २०१५ मा नेपालमा संविधान जारी गर्ने समयमा निकै भारी परेको थियो ।

कुनै राजनीतिज्ञले महाकुम्भ मेलामा स्नान गर्नु, गेरुवा वस्त्रमा तस्विर खिचाउनु र त्यसलाई सर्वसाधारणको खपत (मास कन्जम्प्सन) का लागि अनलाइनमा पोस्ट गर्नु- व्यक्तिगत रूपमा जतिसुकै धार्मिक पुण्य मिले पनि- अराजनीतिक र अनैतिक हो । यस्तो कार्यले धर्महरूबीच भेदभाव गर्ने र मतदाता तथा नागरिकहरूलाई विभाजित गर्ने भएकाले मात्र नभई यसले संविधानमा रहेको धर्मनिरपेक्षताको व्यवस्थालाई नै छल्ने भएकाले पनि अराजनीतिक र अनैतिक हो । नेपालमा आजकाल सामान्य बन्दै गएको मन्दिर र धार्मिक अनुष्ठानहरूका लागि दिइने सङ्घ, प्रदेश र स्थानीय तहका अनुदानहरू अनुचित र अस्वाभाविक छन् । नेपाल कुनै धर्ममा आधारित वा आस्था-शासित राज्य होइन । राज्यसत्ताले विभिन्न धर्महरू र धर्ममा आधारित बजेट वा अनुदानको सन्दर्भमा सधैं तटस्थ र हस्तक्षेपहीन (ह्यान्ड्स अफ) अभ्यास अपनाउनुपर्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## घोषणा मात्रै कि संरक्षण पनि ?

इन्द्राकुमारी केसी

सुदूरपश्चिम प्रदेश सरकारले बाजुराको बडीमालिका र अछामको रामारोशन क्षेत्रलाई समेटेर बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गरेको छ ।

वन संरक्षण क्षेत्र घोषणासँगै प्रदेशमा संरक्षण क्षेत्रको दायरा थप विस्तार भएको छ । जैविक विविधता, वन्यजन्तु तथा प्राकृतिक स्रोत संरक्षणसँगै पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको यो घोषणालाई प्रदेश सरकारले महत्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ ।

सुदूरपश्चिम प्रदेशका निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहले साउन २७ गते धनगढीमा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा २६ (१) बमोजिम बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा गर्नुभएको हो । शाहको अध्यक्षतामा गत साउन १९ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले उक्त क्षेत्रलाई वन संरक्षण क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो । यो क्षेत्र प्रदेश वन ऐनअनुसार घोषणा भएको पहिलो वन संरक्षण क्षेत्र हो । घोषित संरक्षण क्षेत्रमा बाजुराको बडीमालिका नगरपालिका-५, ६, ७ र ८ तथा त्रिवेणी नगरपालिका-५, ६, ७ र ९ का क्षेत्र समेटिएका छन् । त्यस्तै अछामको मेल्लेख गाउँपालिका-१ र २ तथा रामारोशन गाउँपालिका-४, ५ र ६ समेत गरी कूल ४९८.४ वर्ग किलोमिटर क्षेत्र समेटिएको छ ।

बडीमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण क्षेत्र हो भने रामारोशन प्राकृतिक सौन्दर्य, तालतलैया र जैविक विविधताका कारण परिचित छ । यी दुई क्षेत्रलाई एउटै संरक्षण भूगोलमा समेटिएसँगै वन, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षणसँगै पर्यटन विकासको सम्भावना बढ्ने अपेक्षा गरिएको छ । तर नयाँ संरक्षण क्षेत्र घोषणा भइरहँदा यसअघि सुदूरपश्चिममा सङ्घीय वन ऐनअनुसार घोषणा गरिएका वन संरक्षण क्षेत्रको व्यवस्थापन भने सन्तोषजनक छैन । त्यसैले अहिलेको मुख्य प्रश्न हो-घोषणा मात्रै कि संरक्षण पनि ?

घोषणापछिको चुनौती

सुदूरपश्चिममा यसअघि घोषणा गरिएका वन संरक्षण क्षेत्रको अनुभवले नयाँ घोषणापछि गर्नुपर्ने काम कति चुनौतीपूर्ण छ भन्ने देखाउँछ । कैलालीको वसन्ता र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्र २०६८ फागुन १५ गते औपचारिक रूपमा घोषणा भएका हुन् । करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेका यी दुवै क्षेत्र नेपाल-भारत सीमावर्ती भूभागका महत्वपूर्ण जैविक मार्गका रूपमा चिनिन्छन् ।

यी वनले तराई र चुरे क्षेत्रबीचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतको दुधवा राष्ट्रिय निकुञ्जसँगको अन्तरसम्बन्ध कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेका छन् । महत्वपूर्ण क्षेत्रका रूपमा घोषणा भएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनको आधारभूत उपकरणका रूपमा रहेको कार्ययोजना समयमै अद्यावधिक हुन सकेको छैन । नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि लामो समयसम्म प्रक्रिया पूरा हुन सकेन । कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, जनशक्ति परिचालन, समुदायको सहभागिता तथा दीर्घकालीन रणनीति कार्यान्वयनमा असर परेको छ । यसले नयाँ घोषित बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रसामु पनि प्रश्न खडा गरेको छ- के विगतका समस्या नयाँ क्षेत्रमा पनि दोहोरिन्छन् ?

अछामका वरिष्ठ डिभिजनल वन अधिकृत केशव पराजुलीले नयाँ संरक्षण क्षेत्रमा विगतका समस्या दोहोरिन नदिन सुरुदेखि नै क्षेत्रको अवस्था अध्ययन गरी स्पष्ट व्यवस्थापन योजना बनाउनुपर्ने बताउनुहुन्छ । संरक्षणलाई प्रभावकारी बनाउन स्थानीय समुदायको जीविकोपार्जन सँग पनि जोड्नुपर्ने उहाँको भनाइ छ । "संरक्षण क्षेत्रको उद्देश्य पूरा गर्न क्षेत्रको अवस्था अध्ययन गरेर आवश्यक व्यवस्थापन योजना तयार गर्नुपर्छ," उहाँले भन्नुभयो, "स्थानीय उत्पादन, पर्यटन तथा आयआर्जनका गतिविधिलाई संरक्षणसँग जोड्न सके समुदायको अपनत्व बढाउन सकिन्छ ।" उहाँका अनुसार प्रदेश, स्थानीय तह, वन कार्यालय र समुदायबीच सुरुदेखि नै स्पष्ट समन्वय कायम गरी कार्यक्रम अघि बढाउन आवश्यक छ ।

कानुनी अन्योल र बजेटको समस्या

कैलालीको वसन्ता तथा कञ्चनपुरको मोहना-लालझाडी वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएको अर्को समस्या सङ्घ र प्रदेशबीचको अधिकार क्षेत्र हो । सङ्घीय वन नियमावली, २०७९ अनुसार वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउने र डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था छ । तर सुदूरपश्चिम प्रदेशको वन ऐन, २०७७ ले डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, वन निर्देशनालयको सिफारिसमा प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गर्ने व्यवस्था गरेको छ ।

एउटै विषयमा सङ्घीय र प्रदेश कानुनमा फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योल उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ । उहाँका अनुसार वसन्ता र लालझाडी-मोहना वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो । नयाँ कानुनी व्यवस्था आएपछि कार्ययोजना निर्माण तथा स्वीकृतिको अधिकारबारे अन्योल उत्पन्न हुँदा पछिल्लो प्रक्रिया प्रभावित भएको उहाँले बताउनुभयो ।

कानुनी अन्योलसँगै बजेट अभाव पनि संरक्षण क्षेत्र व्यवस्थापनको चुनौती बनेको छ । डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशीका अनुसार गत आर्थिक वर्षमा लालझाडी-मोहना क्षेत्रका लागि छुट्टै बजेट विनियोजन नहुँदा संरक्षणका गतिविधि सञ्चालन गर्न कठिन भयो । बजेट अभावका कारण राखिएका सहजकर्ता हटाउनुपरेको छ । भने व्यवस्थापनका अन्य कार्यक्रमसमेत प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । नियमित कार्यक्रमअन्तर्गत केही संरक्षणका गतिविधि भने भइरहेको उहाँको भनाइ छ । कैलालीको वसन्ता वन संरक्षण क्षेत्रमा पनि सीमित बजेटबाट संरक्षणका गतिविधि सञ्चालन हुँदै आएका छन् । सीमित स्रोतका कारण कर्मचारी व्यवस्थापनसँगै संरक्षणका काम गर्न कठिन हुने डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउनुहुन्छ ।

प्रदेश वन निर्देशक हेमराज विष्टका अनुसार लालझाडी-मोहना क्षेत्रको कार्ययोजना नवीकरणका लागि अन्तरराष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण तथा आवश्यक प्रक्रिया पूरा गरिए पनि स्वीकृतिको अन्तिम चरण बाँकी छ । वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार गरी केन्द्रमा पठाइएको छ । सङ्घीय र प्रदेश तहबीच स्वीकृतिको अधिकार प्रयोगसम्बन्धी अन्योलले प्रक्रिया लम्बिएको उहाँले बताउनुभयो ।

कार्ययोजना र बजेटको अभावले संरक्षण क्षेत्र घोषणा गरिए पनि त्यसअनुसारका कार्यक्रम सञ्चालन गर्न कठिन हुने विगतको अनुभव छ । यसको अर्को उदाहरण घोडाघोडी हो । रैथाने तथा आगन्तुक चराहरूको प्रमुख वासस्थानका रूपमा परिचित कैलालीको घोडाघोडी क्षेत्रलाई प्रदेश सरकारले २०७८ फागुन २७ गते नेपालकै पहिलो 'चरा अभय आरण्य'का रूपमा घोषणा गरेको थियो । तर घोषणा भएको पाँच वर्षको अवधिमा उक्त क्षेत्रका लागि हालसम्म जम्मा रु पाँच लाख मात्र बजेट विनियोजन भएको छ । विनियोजित बजेटबाट मुख्यतः झाडी सफाइको काम मात्र भएको छ । चराको वासस्थान संरक्षण, जैविक विविधता व्यवस्थापन, पूर्वाधार विकास तथा दीर्घकालीन संरक्षणका अन्य कार्यक्रम सञ्चालन हुन सकेका छैनन् । कार्ययोजनासमेत बन्न सकेको छैन ।

घोषणापछि संरक्षणको चुनौती

विगतका यी अनुभवले बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रका लागि घोषणा लगत्तै व्यवस्थापन योजना, आवश्यक बजेट र कार्यान्वयनको स्पष्ट जिम्मेवारी तय गर्नुपर्ने देखाउँछ । प्रदेश सरकारका लागि नयाँ संरक्षण क्षेत्रको व्यवस्थापन केवल सीमाङ्कन र प्रशासनिक संरचना बनाउने विषय नभई त्यसलाई दीर्घकालीन रूपमा सञ्चालन गर्नसक्ने संस्थागत आधार तयार गर्ने विषय पनि हो । सुदूरपश्चिम प्रदेशका वन निर्देशक हेमराज विष्ट नयाँ संरक्षण क्षेत्रको व्यवस्थापनमा विभिन्न निकायबीचको समन्वयलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुहुन्छ । सङ्घ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायले एउटै योजनाअन्तर्गत स्रोत परिचालन गर्न सके कार्यक्रम प्रभावकारी हुने उहाँको भनाइ छ । "घोषणा गर्दैमा संरक्षण हुने होइन, त्यसका लागि बजेट, जनशक्ति र कार्ययोजना चाहिन्छ," उहाँले भन्नुभयो, "सबै निकायले छुट्टाछुट्टै कार्यक्रम गर्नुभन्दा एउटै योजनाअन्तर्गत स्रोत परिचालन गर्न सके प्रभावकारी हुन्छ ।" संरक्षण क्षेत्र व्यवस्थापनमा नेपाल प्रहरी, नेपाली सेना, स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न सङ्घसंस्थाको भूमिका रहनेछ । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी), रेनफरेस्ट ट्रस्ट तथा स्थानीय तहबाट प्राप्त स्रोतसमेत गरी हाल करिब पाँच करोड रुपैयाँ बजेटको व्यवस्था रहेकाले सोही स्रोतबाट संरक्षणका काम अघि बढाइने उहाँले बताउनुभयो । २०८३/८४ भित्र बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्रको विस्तृत कार्ययोजना तयार गरिने जानकारी दिँदै उहाँले कार्ययोजनाका आधारमा संरक्षण, पर्यटन, जीविकोपार्जन र पूर्वाधार विकासका कार्यक्रम अघि बढाइने बताउनुभयो ।

**मानसिक स्वास्थ्यमा ध्यान दिऔं**

- **मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,**
- **डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,**
- **परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,**
- **पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,**
- **योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,**
- **मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,**
- **समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,**
- **आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।**

**खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## चौथो ताप्लेजुङ गोल्डकपः पर्यटकीय क्षेत्रबाट खेल तालिका सार्वजनिक

ताप्लेजुङ । ताप्लेजुङमा सञ्चालन हुने अन्तरराष्ट्रिय आमन्त्रण चौथो ताप्लेजुङ गोल्डकपको खेल तालिका सार्वजनिक गरिएको छ । खेलसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले प्रतियोगिताको तालिका फक्ताङलुङ गाउँपालिकास्थित सिङजेमा ताल, साम्दो पोखरी, दिकीछ्योखोलिङ गुम्बा तथा मिक्वाखोलाको पापुङस्थित लोदेन क्षेत्रमा पुगेर सार्वजनिक गरिएको हो ।

आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष सागर मादेनका अनुसार सार्वजनिक खेल तालिकाअनुसार भदौ १२ गते ताप्लेजुङ-११ र भारतको जर्जियन युनाइटेड फुटबल क्लबबीच उद्घाटन खेल हुनेछ । त्यस्तै भदौ १३ गते चित्लाङ फुटबल क्लब (मकवानपुर) र फिदिम स्पोर्टिङ क्लब (पाँचथर) बीच खेल हुनेछ । भदौ १४ गते सातदोबाटो फुटबल क्लब (ललितपुर) र सलहेश युवा क्लब (सिरहा), भदौ १५ गते झापा-११ र नेपाल पुलिस क्लबबीच खेल हुनेछ । सलहेश युवा क्लब गत वर्षको विजेता टोली हो । प्रतियोगिताका सेमिफाइनल खेल भदौ १६ र १७ गते तथा फाइनल खेल भदौ १९ गते सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेताले रु सात लाख ५२ हजार ८३ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले रु तीन लाख ५२ हजार ८३ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । लाखेजात्रा पर्वको अवसरमा विसं २०२९ देखि कञ्चनजङ्घा, पाथीभरा लगायत विभिन्न नाममा यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ । ताप्लेजुङ गोल्डकप पूर्वी पहाडी क्षेत्रको बहुप्रतिष्ठित फुटबल प्रतियोगिताका रूपमा स्थापित छ । प्रतियोगिता हेर्न झापा, इलाम, पाँचथर, तेह्रथुमलगायत जिल्लाबाट दर्शक आउने समितिका अध्यक्ष मादेनले बताउनुभयो । दर्शकका लागि टिकट दरसमेत निर्धारण गरिएको अध्यक्ष मादेनले बताउनुभयो । उहाँका अनुसार क्वार्टरफाइनलका लागि रु २००, सेमिफाइनलका लागि रु ३०० र फाइनलका लागि रु ५०० टिकट दर निर्धारण गरिएको छ ।

## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक, २०८१ माथिको छलफल निष्कर्षउन्मुख

काठमाडौं । विचाराधीन 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक, २०८१' माथिको छलफल निष्कर्षउन्मुख छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीबार ( हिजो) को बैठकले दफा २४ देखि अन्तिमसम्मका दफामा भएको छलफल निष्कर्षउन्मुख भएको हो ।

समितिका सचिव दशरथ धमलाले विधि विज्ञान प्रयोगशालाका कार्यकारी निर्देशकको नियुक्ति, योग्यता, काम कर्तव्य र अधिकारका प्रावधानलगायत सबै विषयमा संशोधन सहितको छलफल र निष्कर्ष प्राप्त भएको जानकारी दिनुभयो । प्रयोगशालाका कार्यकारी निर्देशक नियुक्त गर्दा विधेयकमा प्रस्तावित शैक्षिक योग्यताका साथै जातीय विभेद तथा छुवाछुतको व्यवहार नगरेको व्यक्ति हुनुपर्ने व्यवस्था यसअघिकै बैठकले थपेको छ ।

सो विधेयकमाथि सांसद लीमा अधिकारी (आचार्य), अशोककुमार चौधरी र गोपाल शर्माले संशोधन दर्ता गराउनुभएको छ । समितिको बैठकमा संशोधन र छलफलमा उठेका विषयमा विज्ञान, प्रविधि तथा नवप्रवर्द्धनमन्त्री महावीर पुनले जवाफ दिनुभएको थियो ।

## जडीबुटी निर्यातका लागि ब्यापारिक ट्रान्जिट बन्दै नेपालगञ्ज

राँझा । बहुमूल्य जडीबुटी सङ्कलन, प्रशोधन, भण्डारण र विदेश निर्यातका लागि नेपालगञ्ज व्यापारिक ट्रान्जिटका रूपमा विकास हुँदै गएको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका डोल्पा, हुम्ला, जुम्ला, मुगु, जाजरकोट, रुकुम, बझाङ र दार्चुलालगायतका दुर्गम क्षेत्रमा पाइने यार्सागुम्बा, पाँचऔंले, जटामसी, कुट्की, तितेपाती, पदमचाललगायतका जडीबुटी भारत पुऱ्याउन नेपालगञ्जलाई प्रमुख नाकाका रूपमा प्रयोग गरिँदै आएको नेपाल जडीबुटी व्यवसायी सङ्घका अध्यक्ष टङ्कप्रसाद शर्माले बताउनुभयो ।

"कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा उत्पादन तथा सङ्कलन हुने जडीबुटीको भण्डारण तथा विदेश निर्यातका लागि नेपालगञ्ज प्रमुख ट्रान्जिटका रूपमा विकास भएको छ", उहाँले भन्नुभयो । पहाडी तथा हिमाली क्षेत्रबाट सडक र हवाई मार्गमार्फत जडीबुटी नेपालगञ्ज पुऱ्याइन्छ । यहाँबाट भारतीय सीमानाका जोडिन, जडीबुटी भण्डारणका लागि नेपालगञ्ज र आसपासका क्षेत्रमा ठूला गोदाम तथा प्रशोधन केन्द्र रहेका छन् ।

निर्यात प्रक्रियामा देखिने कानुनी प्रावधान र प्रमाणीकरणको ढिलासुस्ती, कच्चा पदार्थकै रूपमा निर्यात गर्दा उचित मूल्य नपाइनु र आधुनिक प्रशोधन प्रयोगशालाको अभाव हुनु, भारततर्फको निर्यातमा बेलाबेलामा देखिने क्वारेन्टाइन तथा गैर-भन्सार अवरोध जस्ता चुनौती रहेको नेपाल जडीबुटी व्यवसायी सङ्घका अध्यक्ष शर्माले बताउनुभयो ।

नेपालगञ्ज नाकाबाट गत आर्थिक वर्ष ०८२/८३ मा रु ८४ करोड २६ लाख ७४ हजार बराबरको जडीबुटी निर्यात भएको छ । गत आर्थिक वर्षमा नेपालगञ्ज नाकाबाट ३७ लाख तीन हजार आठ सय ६१ किलो बराबरका विभिन्न प्रकारका जडीबुटी निर्यात भएको नेपालगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

नेपालगञ्ज नाका मुलुककै सबैभन्दा बढी जडीबुटी निर्यात हुने नाकाका रूपमा स्थापित भएको छ । निर्यात बढेसँगै पश्चिम नेपालका जडीबुटी उत्पादक किसान, सङ्कलक र व्यवसायी उत्साहित भएका छन् ।

यसअघि आर्थिक वर्ष ०८१/८२ मा नेपालगञ्ज नाकाबाट रु ८३ करोड ६४ लाख ७० हजार र आर्थिक वर्ष ०८०/८१ मा रु ७९ करोड ४८ लाख ८२ हजार बराबरको जडीबुटी निर्यात भएको थियो ।

## पत्रपत्रिका वर्गीकरण र लोककल्याणकारी विज्ञापन प्रणाली सुधार गर्न निर्देशन

काठमाडौं । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पत्रपत्रिका वर्गीकरण र लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउनका लागि सुधारको गृहकार्य थाल्न निर्देशन दिनुभएको छ ।

सञ्चार मन्त्रालयमा बिहीबार सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालका अधिकारीसँग भएको छलफलमा एउटै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेका धेरै पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन लिने गरेको, वास्तविकभन्दा बढी पत्रिका छापेको विवरण पेस गर्ने तथा काउन्सिलमा बुझाएको विवरण र वास्तविक प्रकाशन सङ्ख्याबीच फरक हुने समस्या उठाइएको थियो ।

छलफलमा सूचना तथा प्रसारण विभागका निमित्त महानिर्देशक अनुप नेपाल, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झवीन्द्र भुसाल र वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालल‍गायतको सहभागिता थियो । विभाग र काउन्सिल अधिकारीहरूका अनुसार केही पत्रपत्रिकाले काउन्सिलमा पेस गरेको विवरणभन्दा कम सङ्ख्यामा प्रकाशन गर्ने गरेको पाइएको छ । नमूना छनोट गरी प्रेस तथा पत्रपत्रिका कार्यालयको स्थलगत निरीक्षण गर्दा पनि कतिपय अवस्थामा पेस गरिएको विवरण र वास्तविक अवस्थाबीच फरक भेटिएको पनि उहाँहरूको भनाइ छ ।

त्यस्तै, हाल पत्रपत्रिका वर्गीकरण गर्दा वास्तविक वितरणको सङ्ख्या हेर्न सम्बन्धित सञ्चार संस्थाको स्वघोषणा र लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार बनाउने गरिएको उहाँहरूको भनाइ छ । छलफलपछि सञ्चारमन्त्री तिमिल्सिनाले वास्तविक प्रकाशन तथा वितरण सङ्ख्या यकिन गर्ने प्रभावकारी प्रणाली बनाउन, वर्गीकरणको आधार स्पष्ट गर्न र लोककल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी तथा विधिसम्मत बनाउन निर्देशन दिनुभयो । सरकारी विज्ञापनमा हुने दोहोरोपन हटाई सीमित स्रोतको प्रभावकारी उपयोग गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ । प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा पत्रपत्रिका वितरण सम्परीक्षण समिति रहने व्यवस्था छ । समितिले पत्रपत्रिकाको वितरण अवस्थाका आधारमा प्रकाशन सङ्ख्या निर्धारण गर्ने, त्यसको अभिलेख अद्यावधिक गर्ने तथा प्रकाशन सङ्ख्यासमेतका आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने व्यवस्था छ । त्यसैगरी, प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा पत्रपत्रिका वितरण सम्परीक्षणसम्बन्धी उजुरी तथा कारबाहीको व्यवस्था गरिएको छ । पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन २०७९) मा समेत पत्रपत्रिकाको वितरण सङ्ख्या यकिन गर्न प्रेस तथा बजार निरीक्षण गर्न सकिने व्यवस्था गरिएको छ । यी कानूनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएकोबारे अध्ययन गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ ।

पछिल्लो समय अनलाइन, डिजिटल र मल्टिमिडिया सञ्चारमाध्यमको विस्तारसँगै विज्ञापन बजार पनि डिजिटलतर्फ सर्दै गएको छ ।

यस्तो अवस्थामा छापा माध्यममा मात्र केन्द्रित विद्यमान सरकारी विज्ञापन प्रणाली पुनरावलोकन गरी छापा, अनलाइन र अन्य डिजिटल माध्यमलाई समेट्ने एकीकृत वर्गीकरण प्रणालीको सम्भावना अध्ययन गर्ने तयारी मन्त्रालयले गरिरहेको छ । साथै, लोककल्याणकारी विज्ञापनको उद्देश्य, वितरण प्रणाली र मिडिया तथा सार्वजनिक सूचना प्रवाहमा परेको प्रभावसमेत समीक्षा गरिने भएको छ ।

आजको छलफलमा सञ्चारमन्त्री तिमिल्सिनाले प्रेस काउन्सिलको आर्थिक तथा प्रशासनिक काम पारदर्शी र व्यवस्थित बनाउन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजु समयमै फछ्र्यौट गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।

## शिक्षक-कर्मचारीको पारिश्रमिक वृद्धिः चार अर्ब ६८ करोड चाहिने

काठमाडौं । सङ्घीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धिको निर्णयसँगै चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएको छ ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय थियो ।

सो निर्णयपछि अब उक्त कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक रु ४३ हजार ६६९ बाट बढेर रु ४८ हजार ५८ पुगेको छ ।

आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक रु ३४ हजार ७३० बाट ३८ हजार २०३ कायम गरिएको छ । यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु पाँच हजार थप गरिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले उल्लेखित दरमा पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएकाले नेपाल सरकारको निर्णयबमोजिम सोको व्यवस्थापन अर्थ मन्त्रालयलाई सहमति माग गरिएको जानकारी दिनुभयो ।

उहाँले अर्थबाट हुने सहमतिपश्चात पारिश्रमिक वृद्धिको निर्णय कार्यान्वयनमा आउने बताउनुभयो । नयाँ व्यवस्थाअनुसार (इसिडी) सहजकर्ताको मासिक पारिश्रमिक रु १२ हजार बाट १७ हजार, विद्यालय सहयोगीको रु १० हजारबाट १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु १५ हजारबाट २० हजार पुगेको छ ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाहीले सबै राष्ट्रसेवकका लागि बढ्ने १० प्रतिशतमा बढ्नु स्वभाविक र सकारात्मक भए पनि इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि न्यूनतम् मासिक रु २३ हजार पारिश्रमिक पुग्नुपर्ने बताउनुभयो ।

विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले पारिश्रमिक वृद्धिप्रति सरकारलाई धन्यवाद दिँदै आफूहरुलाई दरबन्दीमा सेवा गर्ने अवसर दिनुपर्ने सो क्रममा उहाँले बताउँनुहुँदै सरकार तयार रहनुपर्ने बताउनुभयो ।

## फोहोर .................

योजना कार्यान्वयनमा ढिलाइ भएको उहाँले उल्लेख गर्नुभयो । "बञ्चरेडाँडामा काठमाडौं महानगरबाहेक अन्य २० वटा पालिकाबाट समेत फोहर ल्याइने भए पनि ती स्थानीय तहलाई फोहर व्यवस्थापनको जिम्मेवारीमा सहभागी गराउन सकिएको छैन ।

हाल बञ्चरेडाँडा ल्यान्डफिल साइटको सञ्चालन, व्यवस्थापन तथा आर्थिक भार मुख्यतः काठमाडौं महानगर पालिकाले व्यहोर्दै आएको छ", कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो ।

फोहर व्यवस्थापनलाई दीर्घकालीन रूपमा सुधार गर्न ल्यान्डफिल साइटमा पुग्ने फोहरको मात्रा घटाउने, स्रोतमै फोहर वर्गीकरण गर्ने, सङ्कलन तथा ढुवानी प्रणाली व्यवस्थित बनाउने विषयमा पनि छलफल भएको थियो । त्यसका लागि 'कुन निकायबाट कस्तो सहयोग चाहिन्छ' भनेर महानगरपालिकाले जानकारी दिए सरकारले सहयोग गर्ने र समस्या समाधानका लागि द्रुत पहल गर्ने सञ्चारमन्त्री डा तिमिल्सिनाले प्रतिबद्धता जनाउनुभयो ।

ल्यान्डफिल साइटको दीर्घकालीन व्यवस्थापनका लागि फोहर सङ्कलन केन्द्रको सङ्ख्या बढाउने, फोहर वर्गीकरण तथा ग्रेडिङ प्रणाली विस्तार गर्ने, सङ्घ, प्रदेश तथा स्थानीय तहबीच सहकार्य बढाउनेलगायत विषयमा छलफल भएको थियो ।

महानगरपालिकाका अनुसार हाल बञ्चरेडाँडा पुग्ने फोहरमध्ये करिब ६० प्रतिशत कुहिने र ४० प्रतिशत नकुहिने रहेको छ । स्रोतमै फोहर छुट्याउने अभ्यास प्रभावकारी नहुँदा वर्गीकरणमा समस्या देखिएको र त्यसले ल्यान्डफिल साइटमा थप चुनौती सिर्जना गरेको महानगर पालिकाको भनाइ छ ।

दैनिक दुई सयभन्दा बढी फोहर बोकेका ट्रक बञ्चरेडाँडा पुग्ने गरेका छन् । वर्षायाममा सडकको अवस्था खराब हुँदा सवारीसाधन पटक-पटक बाटोमै अड्किने, त्यसबाट दुर्गन्ध फैलिने र स्थानीय जनजीवन प्रभावित हुने समस्या रहेका जनाइएको छ । यसअघि पनि मन्त्री डा तिमिल्सिनाले बञ्चरेडाँडा फोहर व्यवस्थापनस्थलमा देखिएका चुनौती तथा स्थानीयवासीले भोग्नुपरेका समस्या समाधानका लागि सम्बन्धित निकायसँग छलफल गर्नुभएको थियो ।

उहाँले फोहर व्यवस्थापनको प्रभावकारी अनुगमन, स्थानीयवासीका गुनासो सुनुवाइ, सडक पूर्वाधार सुधार तथा वैज्ञानिक ढङ्गबाट फोहर व्यवस्थापन का लागि सबै सम्बन्धित निकाय जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिँदै आउनुभएको छ ।

सङ्घीय सरकारले एक हजार ७९२ रोपनी जग्गा अधिग्रहण गरी निर्माण गरेको बञ्चरेडाँडा ल्यान्डफिल साइटमा विसं २०७९ जेठ १० गतेदेखि फोहर विसर्जन सुरु गरिएको हो । यो ल्यान्डफिल साइट नुवाकोटको ककनी गाउँपालिका-२ र धादिङको धुनीबेँसी नगरपालिका-१ को सीमाक्षेत्रमा अवस्थित छ ।

## वैदेशिक सहायताको प्रभावकारी उपयोगमा जोड

काठमाडौं । अर्थमन्त्री स्वर्णिम वाग्लेले वैदेशिक सहायताको प्रभावकारी उपयोग तथा खर्च क्षमता बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

सार्वजनिक लेखा समितिको बिहीबारको बैठक उहाँले वैदेशिक अनुदानको मात्रा घट्दो क्रममा रहेको र खर्च पनि कम भएको वास्तविकता सुनाउनुभयो । अर्थमन्त्री वाग्लेले चालु बजेटमा वैदेशिक ऋण रु दुई खर्ब ४७ अर्ब र अनुदान रु ६२ अर्ब प्रक्षेपण गरिए पनि अनुदानको वास्तविक प्राप्ति रु १० देखि १५ अर्बमा सीमित रहेको बताउनुभयो । विश्व बैंक र एसियाली विकास बैंकबाट मुलुकले सहुलियतमा ऋण प्राप्त गर्दै आएको तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेको नेपाललाई सहुलियतमा ऋण प्राप्त नहुने परिस्थिति सृजना भएको अर्थमन्त्रीले बताउनुभयो ।

बितेका ५० वर्षमा नेपालले प्रशस्त सहुलियतपूर्ण ऋण प्राप्त गरेको तर खर्च क्षमता नहुँदा, खरिद प्रक्रिया र प्रशासनिक ढिलासुस्तीका कारण त्यसको प्रभावकारी उपयोग हुन नसकेको बताउनुभयो ।

बैठकमा महालेखापरीक्षक तोयम रायले वैदेशिक सहायतामा सञ्चालन हुने परियोजनाको रकम समयमै खर्च हुने वातावरण बनाउनुपर्ने बताउनुभयो ।

महालेखा नियन्त्रक कार्यालयका सहसचिव विष्णु ज्ञवालीले वैदेशिक सहायतामा सञ्चालन हुने रु १४ अर्ब ९२ करोड लागतका १५२ आयोजना अलपत्र भएका जानकारी दिनुभयो ।

## वासुदेवको भेलले खोस्यो दुई छोरी, एक अझै बेपत्ता

हेटौंडा । गत मङ्गलबार साँझ पर्ने लागेको थियो । निर्मल माध्यमिक विद्यालय बस्तीपुरबाट छुट्टी भएपछि चार बालिका घर फर्कंदै थिए । विद्यालय र घरबीच हेटौंडा उपमहानगरपालिका-१९ मा पर्ने वासुदेव खहरे खोला उनीहरूका लागि नौलो थिएन । तर, त्यस साँझ खोला अस्वाभाविक रूपमा उर्लिएको थियो ।

खोला तर्ने क्रममा आएको अचानकको भेलले चारै बालिकालाई फरक-फरक दिशातर्फ बगायो । घटनामा दुई बालिकाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता छन् । एक बालिका भने ज्यान जोगाउन सफल भइन् ।

घटनाबाट जोगिएकी हेटौंडा-१९ डाँडागाउँकी १३ वर्षीया सीमा भोलनका अनुसार चारै जना हात समातेर खोला तर्दै थिए । सबैभन्दा पहिले आठ वर्षीया रोशनी स्याङ्तानलाई भेलले बगाएको थियो । त्यसपछि ११ वर्षीया सुमित्रा भोलन र लगत्तै सीमासहित अन्य बालिका पनि भेलमा परेका थिए ।

भेलले लछारपछार गर्दै केही तल पुर्‍याएपछि सीमाको हातमा खोलाकिनारको झाडी परेको थियो । झाडी समातेर उहाँ खोलाबाट बाहिरिन सफल हुनुभयो । सामान्य चोट लागेपछि उहाँलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । सीमा खोलाबाट बाहिरिँदा स्थानीयवासीले अन्य बालिकाको खोजी सुरु गरिसकेका थिए । घटनाको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय नेवारपानी र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी परिचालन गरिएको थियो । प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको नेतृत्वमा २० जना प्रहरी खोजीमा खटिएका थिए । बागमती प्रदेश विपद् व्यवस्थापन गुल्मबाट प्रहरी निरीक्षक विजयराज तिमल्सेनाको नेतृत्वमा ११ जना तथा सशस्त्र प्रहरी बलको १४ नम्बर गणबाट सशस्त्र प्रहरी नायब उपरीक्षक निवनकुमार खड्काको नेतृत्वमा १७ जनाको टोली पनि खोजीमा परिचालन भएको थियो । नेपाली सेना र स्थानीय बासीसमेत खोजीमा जुटेका थिए ।

खोजीका क्रममा हेटौंडा-१९ बस्तीपुरका दीप स्याङ्तानकी आठ वर्षीया छोरी रोशनी घटनास्थलबाट करिब ६०० मिटर तल रुखको जरामा अड्किएको अवस्थामा फेला परेकी थिइन् । अस्पताल पुर्‍याएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

टिकाराम भोलनकी ११ वर्षीया छोरी सुमित्रा र राजकुमार भोलनकी १२ वर्षीया छोरी विनिता भने रातभर फेला परेका थिएनन् । अँध्यारोसँगै पानीको बहाव बढ्नुका साथै खोलाले बगाएर ल्याएका ढुङ्गा र गेग्रानका कारण खोजी कठिन भएको थियो ।

बुधबार बिहानैदेखि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले खोलाको तल्लो तटीय क्षेत्रमा पुनः खोजी थालेको थियो । सोही क्रममा विनितालाई भेलले बगाएको स्थानदेखि करिब चार किलोमिटर तल मृतावस्थामा फेला पारिएको थियो । सुमित्रा भने अझै बेपत्ता छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बेपत्ता सुमित्राको खोजी भइरहेको जानकारी दिनुभयो । हेटौंडा-१९ का वडाध्यक्ष नरनाथ सुवेदीका अनुसार सुरक्षाकर्मी र स्थानीयवासीले वासुदेव खोलाको तल्लो क्षेत्रमा सुमित्राको खोजी गरिरहेका छन् ।

विद्यालयबाट घर फर्किएका चार बालिकामध्ये दुई जनाको मृत्यु भएको छ, एक जना बेपत्ता छिन् भने एक जना ज्यान जोगाउन सफल भएकी छिन् । वासुदेवको भेलले दुई परिवारबाट छोरी खोसेको छ भने अर्को परिवारलाई छोरी फर्किने आशामा राखेको छ ।

यो घटना चालु आर्थिक वर्षमा मकवानपुरमा खोला तथा पानी जमेको खाल्डोका कारण भएको पहिलो मानवीय क्षति भने होइन । आर्थिक वर्ष सुरु भएको दोस्रो दिनमै हेटौंडा-६ रोहिणी कोलोनीस्थित कर्रा खोलाछेउको पानी जमेको खाल्डोमा डुबेर करिब १४ वर्षीय युकेश राईको मृत्यु भएको थियो ।

त्यसको करिब दुई सातापछि बकैया गाउँपालिका-४ नयाँदमारस्थित चिरुवा खोल्सीमा आएको आकस्मिक भेलले दुई महिलालाई बगाएको थियो । खोल्सी तर्ने क्रममा ४१ वर्षीया तारा भोलन र ५० वर्षीया सुनमाया वाइबा भेलमा परेका थिए । स्थानीयवासीले दुवैलाई घाइते अवस्थामा उद्धार गरेका थिए । प्राथमिक उपचारपछि हेटौंडास्थित अस्पताल ल्याइएकी ताराको साउन १९ गते उपचारका क्रममा मृत्यु भएको थियो । सुनमाया उपचारपछि घर फर्किनुभएको थियो ।

कर्राको खाल्डो, चिरुवा खोल्सी र वासुदेव खहरेका घटना फरक प्रकृतिका छन् । कर्रामा पौडी खेल्ने क्रममा पानीमा डुबेर मृत्यु भएको थियो भने चिरुवा र वासुदेवमा खोला तर्ने क्रममा अचानक आएको भेलले बगाएको थियो । यी घटनाले वर्षायाममा जिल्लाका खोला, खोल्सा, खहरे र पानी जमेको खाल्डो जोखिमपूर्ण हुने देखाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर का अनुसार चालु आर्थिक वर्षमा खोलाले बगाएर तथा पानीमा डुबेर मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ । आर्थिक वर्ष २०८२/८३ मा मकवानपुरमा डुबाइ तथा बगाइका छ घटना भएका थिए । ती घटनामा चार जनाको मृत्यु, एक जना घाइते र एक जना बेपत्ता भएका थिए । मृतकमध्ये एक जना बालिका थिइन् ।

## सुकेधारा स्थित एजिङ होममा निःशुल्क आँखा स्वास्थ्य शिविर सम्पन्न



काठमाडौं । काठमाडौंको सुकेधारा स्थित 'एजिङ होम'को आयोजना तथा नेपाल आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित एक दिवसीय निःशुल्क आँखा जाँच शिविर सम्पन्न भएको छ ।

गत मंगलबार बिहान १० बजे देखि ३ बजे सम्म सञ्चालन भएको शिविरमा १०५ जनाको आँखा परीक्षण गरिएको थियो । एजिङ होमका संस्थापक राजेन्द्र सिंह नेगीले ज्येष्ठ नागरिकहरूको स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राख्दै उहाँहरूको आँखा निरोगी र दृष्टि सफा रहोस् भन्ने पवित्र उद्देश्यका साथ यो विशेष आँखा शिविरको आयोजना गरिएको बताए । ज्येष्ठ नागरिकहरूमा उमेरसँगै आउने दृष्टि सम्बन्धी समस्यालाई बेलैमा पहिचान गरी सहज उपचार पहुँच पुर्‍याउन यो शिविर फलदायी हुने उनको विश्वास छ ।

आँखा शिविरमा डा. मनिषा गुरुङको नेतृत्वमा ७ जना चिकित्सकहरूको प्राविधिक टोलीले आँखा परीक्षण तथा परामर्श प्रदान गरेको गरेको थियो । परीक्षणका क्रममा १४ जना बिरामीहरूमा मोतिबिन्दु (Cataract) को समस्या देखिएको छ । मोतिबिन्दु देखिएका ती १४ जना बिरामीहरूको त्रिपुरेश्वरमा रहेको नेपाल आँखा अस्पतालको टोलीले सम्पूर्ण खर्च व्यहोर्ने गरी निःशुल्क शल्यक्रिया गर्ने बताएको छ शिविरमा दृष्टिदोष भएका १६ जनालाई निःशुल्क चश्मा वितरण गरिएको थियो । आखाँ शिविरमा सहभागि अधिवक्ता विष्णु गिरीले यस्ता शिविरले आम मानिसमा स्वास्थ्य सम्बन्धी सचेतना बढाउन ठूलो योगदान गर्ने बताए । नेपाल आँखा अस्पतालका कार्यकारी बोर्ड सदस्य राजाराम श्रेष्ठको उपस्थितीमा भएको शिविरलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र सामाजिक सेवामा निरन्तर सक्रिय योगदान पुर्‍याएको भन्दै कार्यक्रम संयोजक राम केसी तथा समाजसेवी बेबिना खड्कालाई विशेष सम्मान पनि गरिएको थियो । एजिङ होमले आगामी दिनमा पनि ज्येष्ठ नागरिकको स्वास्थ्य र कल्याणका लागि यस्ता सेवामूलक कार्यक्रमहरूलाई निरन्तरता दिने बताएको छ ।

## हिमालयन उद्धार संघले गोसाइँकुण्डमा स्वास्थ्य शिविर सञ्चालन गर्ने

काठमाडौं । रसुवाको उत्तरी क्षेत्र गोसाइँकुण्डमा जनैपूर्णिमाको अवसरमा लाग्ने गोसाइँकुण्ड मेलाका श्रद्धालु भक्तजनको स्वास्थ्यलाई ध्यानमा राखेर हिमालयन उद्धार सङ्घले स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ ।

सङ्घले बिहीबार पत्रकार सम्मेलन गरी गोसाइँकुण्ड जाने भक्तजनको स्वास्थ्यलाई ध्यानमा राखेर पाँच चिकित्सकसहित सातजनाको टोली गोसाइँकुण्ड प्रस्थान गरेको जानकारी दियो । डा सिभानी रायमाझीको नेतृत्वमा डा टपेन्द्र ढकाल, डा अविनाशकुमार शाह, डा उदय पाण्डे, डा प्रज्ज्वल लुइँटेल, चिकित्सा शिक्षाका विद्यार्थी नम्रता अधिकारी र सहयोगी प्रकाश खत्री गोसाइँकुण्ड प्रस्थान गर्नुभएको छ ।

पत्रकार सम्मेलनमा सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्यालले गोसाइँकुण्ड जाने तीर्थयात्रीको सुविधाका लागि चिकित्सक टोली गोसाइँकुण्डमा पठाइएको जानकारी दिनुभयो । टोलीले एकादशीदेखि पूर्णिमासम्म गोसाइँकुण्डमा तीर्थयात्रीलाई स्वास्थ्य सेवा प्रदान गर्ने छ । समुद्री सतहदेखि चार हजार ३८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डमा भक्तजनलाई लेक लाग्ने (अक्सिजन अभाव) समस्या देखिन थालेपछि सङ्घले सन् १९९७ देखि निरन्तर रुपमा त्यहाँ स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको सङ्घका अध्यक्ष डम्बर पराजुलीले जानकारी दिनुभयो ।

लेक लाग्ने समस्या शतप्रतिशत रोकथाम गर्न सकिने भए पनि जनचेतनाको अभावमा कतिपयले ज्यान गुमाउने गरेका छन् । लेक लाग्दा टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुनेजस्ता लक्षण देखिने गरेकाले विशेष ध्यान दिनुपर्ने सङ्घले जनाएको छ । तीर्थयात्रीलाई सचेत गराउन यस वर्ष सङ्घले यस सम्बन्धी जानकारीमूलक सामग्री वितरण गर्ने योजना बनाएको छ । गत वर्ष सङ्घले ५०० भन्दा बढी बिरामीको बिहीबार उपचार गरेको थियो ।

## भ्रष्टाचार नियन्त्रणलाई कारबाहीमा मात्रै सीमित राख्नु हुँदैन

काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वतन्त्र, निष्पक्ष र संवैधानिक भूमिकाको पूर्ण सम्मान गर्दै सरकार भ्रष्टाचार नियन्त्रण र सुशासनमा प्रतिबद्ध रहेको बताउनु भएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कामकारबाहीका सम्बन्धमा पदाधिकारी सँगको छलफल'मा मन्त्री गौतमले भ्रष्टाचारसम्बन्धी विषयको अनुसन्धान र अभियोजनमा सरकारबाट आवश्यक सहयोग हुने बताउनुभयो ।

"भ्रष्टाचार नियन्त्रणलाई कारबाहीमा मात्रै सीमित राख्नु हुँदैन, प्रणालीगत कमजोरीलाई हटाउने दिशामा सरकार अघि बढ्न चाहन्छ, भ्रष्टाचारजन्य बदनियत र सामान्य प्रशासनिक त्रुटिबीच स्पष्टता छुट्याउनुपर्छ", उहाँले भन्नुभयो । मन्त्री गौतमले आयोगको तथ्य र अनुसन्धानबाट प्राप्त अनुभव तथा सुझावलाई सुशासनसँग जोडेर अघि बढ्न सरकार तयार रहेको बताउनुभयो ।

मन्त्री गौतमले अख्तियारलाई राजनीतिक प्रतिशोध, व्यक्तिगत रिसइबी, कर्मचारी तर्साउने माध्यमका रुपमा दुरुपयोग गर्न नमिल्ने बताउनुभयो । उहाँले अनुसन्धान र अभियोजनको स्पष्ट मापदण्ड बनाउनुपर्नेमा जोड दिनुभयो । "को माथि अनुसन्धान हुने, अनुसन्धान भइसकेपछि अभियोजन गर्न योग्य हो कि होइन भन्नेमा प्रष्टता हुनुपर्छ", मन्त्री गौतमले भन्नुभयो, "कुन प्रारम्भिक परीक्षणका लागि पठाउने, कुन विस्तृत अनुसन्धानका गर्ने/नगर्ने, कुन मुद्दा स्थगित गर्ने, कुन अभियोजनमा जाने/नजाने भन्ने सम्बन्धमा स्पष्ट मापदण्ड हुनुपर्छ ।" अनुसन्धान नै सजाय बन्न नहुनेमा जोड दिँदै मन्त्री गौतमले भ्रष्टाचारसम्बन्धी विषयको अनुसन्धानको समयसीमा तोक्नु उपयुक्त हुने बताउनुभयो । "वर्षौंसम्म अनुसन्धानको घेरामा राख्नु आफैंमा अप्रत्यक्ष सजाय बनिदिनसक्छ, अनुसन्धान समयबद्ध हुनुपर्छ", उहाँले भन्नुभयो ।

मन्त्री गौतमले प्रमाण पुर्‍याएर मात्रै अभियोजन गर्न र अनुसन्धानको गोपनियता मा ध्यान दिन सुझाव दिनुभयो ।

"अनुसन्धान सुरुआत गर्दैगर्दा सबैभन्दा पहिला बाहिर आइसक्छ, त्यसले अनुसन्धानमा प्रभाव पर्छ कि पर्दैन ?", उहाँले भन्नुभयो, "अनुसन्धान भइरहेको विषय छताछुल्ल भएर बाहिर आइरहेको देखिन्छ, यस बारेमा पनि गम्भीर हुनुपर्छ ।"

## नारेश्वर तालमा पानी जम्मा हुन सुरु

दमौली । नारेश्वर तालमा पानी जम्मा हुन थालेको छ । पुरिएको ताल उत्खनन् गरी पानी जम्मा गर्न थालिएको हो । उक्त तालमा करिब २५ हजारदेखि ३० हजार घनमिटर पानी भण्डारण गर्न सकिन्छ । तनहुँको व्यास नगरपालिका-१० मा पर्ने उक्त ताल करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको छ । तालको बाँध तथा अन्य संरचना निर्माण पूरा भएसँगै पानी जम्मा गर्न सुरु गरिएको हो । ताल व्यास नगरपालिकाको गौरवको आयोजना हो ।

निर्माण उपभोक्ता समितिका अध्यक्ष विजय दरैले ताल आकर्षक देखिन थालेकाले यहाँ आन्तरिक पर्यटक घुम्न आउन थालेका छन् । यहाँ आउने पर्यटकले फेसबुक, टिकटकमा भिडिओ र फोटो पोष्ट गर्दा तालको महत्व बढ्दै गएको छ । उहाँले नारेश्वर काललाई कृषि, पर्यटन, वातावरण र स्थानीय रोजगारीसँग जोडिएको बहुउद्देश्यीय आयोजनाका रूपमा विकास गर्ने लक्ष्य राखिएको जानकारी दिनुभयो । "तालमा पानी जम्मा हुन थालेसँगै आयोजनाको महत्वपूर्ण चरण पूरा भएको छ । अब यसको उपयोगलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने भन्ने विषयमा ध्यान दिनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "सिँचाइसँगै पर्यटन प्रवर्द्धन र स्थानीय आर्थिक गतिविधि बढाउने गरी तालको विकास गर्ने योजना छ ।" नारेश्वर ताल निर्माणको उद्देश्य स्थानीय कृषि क्षेत्रलाई आवश्यक पानी उपलब्ध गराउनु पनि हो । तालसँगै सिँचाइ ट्याङ्की निर्माण गरिएको छ । तालमा जम्मा भएको पानी तानेर नजिकैका कृषि क्षेत्रमा वितरण गर्ने व्यवस्था मिलाइने व्यास नगरपालिका-१० का वडाध्यक्ष खेमराज पोखेलले बताउनुभयो ।

## बागमतीको ढल विसर्जन रोक्न पूर्वाधार विकास समितिको निर्देशन

काठमाडौं । प्रतिनिधिसभाअन्तर्गत पूर्वाधार विकास समितिले बागमती नदीमा भइरहेको ढल तथा फोहर पानीको विसर्जन तत्काल नियन्त्रण गरी नदी संरक्षण र पुनर्जीवनका लागि एकीकृत योजना बनाउन सरकारलाई निर्देशन दिएको छ ।

समितिले बागमती सभ्यता आयोजनाको दीर्घकालीन सफलता सुनिश्चित गर्न एकीकृत संस्थागत संयन्त्र निर्माण, स्पष्ट जिम्मेवारी निर्धारण, नियमित अनुगमन तथा सार्वजनिक जवाफदेहिताको व्यवस्था गर्न पनि सरकारलाई निर्देशन दिएको छ । समितिमा सांसदहरूले बागमतीको वातावरणीय पुनर्जीवनलाई धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटन सम्पदासँग एकीकृत गरी 'हेरिटेज रिभर करिडोर'का रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

सिंहदरबारमा आज बसेको समितिको बैठकमा सभापति आशिष गजुरेलले बागमती नदीको अधिकार क्षेत्र स्पष्ट निर्धारण गरी अतिक्रमण नियन्त्रण, नदी क्षेत्र संरक्षण तथा बाढी जोखिम व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउन पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिनुभएको हो । बैठकमा सांसदहरू राजुनाथ पाण्डे, बासना थापा, प्रदीप विष्टलगायतले काठमाडौं उपत्यका भएर बग्ने बागमती नदी र त्यसका सहायक नदीहरूको किनारालाई सफा र स्वच्छ बनाउने समयमै सम्पन्न गरिनुपर्नेमा जोड दिनुभयो ।

स्वच्छ बागमती निर्माणका कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट विनियोजन गर्न पूर्वाधार विकास मन्त्रालय लाई निर्देशन दिने निर्णय भएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com